निर्णय पुस्तिका- बैठक संख्याः२ मिति २०७७/०४/ २२ गते, विहिवार आ.व. २०७७/०७८

आज मिति २०७७ साल श्रावण २२ गते विहिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्रीं भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | अनुपस्थित |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोठी | |
| १९ | तथ्याङ्क अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत (प्रमुख) | श्री बाबुराम केसी | |
| २१ | इन्जिनियर | श्री राजेन्द्र कुमार साह | |

प्रस्तावहरुः

१. दररेट निर्धारण स्वीकृत सम्वन्धमा ।

२. वडा सचिव तोक्ने सम्वन्धमा ।

३. होल्डिङ सेन्टर व्यवस्थापन सम्वन्धमा ।

४. वडा कार्यालय व्यवस्थापन सम्वन्धमा ।

५. ट्राक्टर दुर्घटना सम्वन्धमा ।

६. प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम

निर्णयहरुः

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै आमचोक गाउँपालिकाको दररेट निर्धारण सिफारिस समितिले आ.व. २०७७/०७८ का लागि दररेट निर्धारण गरि सिफारिस गरेको न्युनतम दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै आमचोक गाउँपालिकाका केही वडामा वडा सचिवको जिम्मेवारीमा रहेका वडासचिवहरुको जिम्मेवारी थप र वडा कार्यालय परिवर्तन तपशिल वमोजिम गर्ने निर्णय गरियो ।

| तपशिलः | तोकिएको जिम्मेवारी र वडा कार्यालय |
|---|---|
| मदन कुमार यादव | ७ नं वडा कार्यालयको सचिव समेत |
| सौरव रेग्मी | २ र ३ नं वडा कार्यालयको सचिव |
| सविता राई | १० नं वडा कार्यालयको सचिव |

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै कोभिड १९ को संक्रमण झन वढिरहेको परिप्रेक्षमा आमचोक गाउँपालिका भित्र कोभिड प्रभावित अन्य जिल्लावाट प्रवेश गर्ने व्यक्तिहरुलाई स्वाव परिक्षण रिपोर्ट नआएसम्मका लागि राख्न कुनै एक संरचनालाई होल्डिङ सेन्टर तोक्ने र त्यसको व्यवस्थापन गर्ने निर्णय गरियो ।

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै वडा कार्यालयको भौतिक व्यवस्थापन गर्न आवश्यक भएका वडा कार्यायको अनुगमन गरि प्राप्त प्रतिवेदनका आधारमा अति आवश्यकिय भौतिक व्यवस्थापन गर्ने निर्णय गरियो ।

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै आमचोक गाउँपालिका वडा नं ३ मा मिति २०७७/०४/१८ गते राति भएको ट्राक्टर दुर्घटनामा परि मृत्युहुने आमचोक गाउपालिकाका स्थायिवासी स्व. दिपक कुवँर प्रति श्रद्धाञ्जली व्यक्त र शोक शन्तप्त परिवारजन प्रति समावेदना व्यक्त गर्दै घाइतेहरु टंक वहादुर कुवँर, विकास कुवँर र नवहाङ राईको स्वास्थ्य लाभको कामना गरियो । साथै मृतकका परिवारलाई काजक्रियाका लागि रु ३०,०००।०० र घाइतेहरु टंक वहादुर कुँवर र नवहाङ राईलाई रु १०/१०,०००।०० र गम्भिर घाइते विकास कुँवरलाई रु ३०,०००।०० उपचार खर्च उपलव्ध गर्ने निर्णय गरियो ।

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानिय पुर्वाधार पुर्वाधार विभागले प्रादेशिक तथा स्थानिय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यान्वयन इकाइ ललितपुरको मिति २०७६/०९/२१ को सार्वजनिक सुचना वमोजिम राष्ट्रिय तथा प्रादेशिक सडक संजालमा यस गाउँपालिकाको केन्द्र रहेको वालांखालाई जोड्न प्रादेशिक एंव स्थानिय सडक निर्माण तथा सुधार कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा ३ वमोजिम उदयपुर रानिटार पांचा वालांखा सडक पहिचान तथा छनौट गरि प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालयमा पठाउने निर्णय गरियो ।